मिति २०७७ साल बैशाख १७ गतेका दिन गाउँपालिकाका अध्यक्ष श्री गोविन्द बहादुर पौडेल ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

**प्रस्तावित विषयहरु:-**

१. गत बैठकको समिक्षा सम्बन्धमा ।
२. COVID-19 माहामारी नियन्त्रणका लागि गरिएका कृयाकलापको समिक्षा सम्बन्धमा ।
३. कार्यालयबाट वितरण गरिएको राहत सम्बन्धमा ।
४. राहत पाउने व्यक्तिको बर्गिकृत विवरण सम्बन्धमा ।
५. अन्यत्र जिल्लामा बसोबास गरिरहेका लिखु बासिको विवरण सम्बन्धमा ।
६. प्राथमिकता प्राप्त योजना सञ्चालन तथा अनुगमन सम्बन्धमा ।
७. बेरुजु फर्छौट सम्बन्धमा ।
८. आन्तरिक राजश्व संकलन सम्बन्धमा ।
९. बन्दाबन्दिको कारण कृषि क्षेत्रमा परेको असर न्यूनिकरण सम्बन्धमा ।
१०. प्रदेश सरकारमा प्रस्ताव गरिने सिंचाईका आयोजना सम्बन्धमा ।
११. विविध

**निर्णयहरु:-**

**१. निर्णय नं. १,** प्रस्ताव नं. १ माथि व्यापक छलफल गर्दा यस लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः कार्यान्वयन भई रहेको अवश्थामा अझ यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सरोकारवाला पक्षहरु बीचमा समन्वय गरी अगाडि बढ्ने निर्णय सर्वसम्मतबाट पारित गरियो ।

**२. निर्णय नं. २**, प्रस्ताव नं. २ माथि व्यापक छलफल गर्दा कोरोना भाईरसको रोकथाम तथा नियन्त्रणको लागि गाउँपालिकाले हाल सम्म गरेका कार्यहरु सन्तोषजनक रहेको, थप कार्यहरु आवश्यकता बमोजिम गर्ने साथै यस गाउँपालिकाले गरेका कार्यहरुको विषयमा गाउँ कार्यपालिका र वडा कार्यालयहरुबाट प्रस्तुत प्रतिवेदन माथि सर्वसम्मतबाट अनुमोदन गर्ने निर्णय गरियो । साथै प्रस्तुत प्रतिवेदन यसै निर्णय साथ संलग्न गरिएको छ ।

**३. निर्णय नं. ३,** प्रस्ताव नं. ३ माथि व्यापक छलफल गर्दा मिति २०७७/०१/०४ गतेको गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गरी प्रथम चरणमा साबुन र माक्स वितरण गरिएको र नपुग माक्स यथासिघ्र व्यवस्थापन गरी वितरण गर्ने साथै तत्काल राहत वितरण गर्नु पर्ने मनासिव अवस्था देखिएमा वडा कार्यालयबाट

गाउँपालिकामा सिफारिस गरी पठाउने र थप राहत सम्बन्धमा आगामि बैठकमा थप छलफल गरी निर्णय गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

४. **निर्णय नं. ४,** प्रस्ताव नं. ४ माथि व्यापक छलफल गर्दा कोरोना भाईरसको संक्रमणको कारण उत्पन्न प्रतिकुल अवस्थाबाट प्रभावित असंगठित क्षेत्रमा कार्यरत श्रमिकहरुको बर्गिकृत लगत संकलन गरी यथासिघ्र गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

५. **निर्णय नं. ५,** प्रस्ताव नं. ५ माथि व्यापक छलफल गर्दा अन्यत्र बसोबास गरिरहेका लिखु बासिको विवरण वडा कार्यालयबाट यथासिघ्र संकलन गरी गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

६. **निर्णय नं. ६,** प्रस्ताव नं. ६ माथि व्यापक छलफल गर्दा कोरोना भाईरसको संक्रमण र यसबाट परेको प्रभावलाई मध्यनजर गर्दै फरफराकको क्रममा रहेका योजनाहरुलाई नियमानुसार फरफराक गर्ने र गाउँपालिका बाहिरबाट निर्माण सामाग्रि ढुवानि गर्नु नपर्ने प्राथमिकता प्राप्त योजनाहरुलाई क्रमशः सञ्चालन गर्दै जाने तथा निर्माण सामाग्रि आवश्यक पर्ने योजनाहरुको सम्बन्धमा सरोकारवाला निकाय सँग सहजिकरण गर्नुको साथै निर्माण व्यावसायि र उपभोक्ता समितिलाई लकडाउनको नियमलाई पालना गर्न तर्फ सचेत गराउने सर्वसम्मतबाट निर्णय गरियो।

७. **निर्णय नं. ७,** प्रस्ताव नं. ७ माथि व्यापक छलफल गर्दा आर्थिक वर्ष ०७४/७५ र ०७५/७६ का महालेखा परीक्षणबाट देखाएका बेरुजुलाई यथासिघ्र रुजु गर्ने गराउने सर्वसम्मतबाट निर्णय गरियो।

८. **निर्णय नं. ८,** प्रस्ताव नं. ८ माथि व्यापक छलफल गर्दा राजश्व परामर्श समितिको प्रतिवेदन अनुसार राजश्व संकलनलाई थप व्यवस्थित गरी तदारुकता साथ संकलन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

९. **निर्णय नं. ९,** प्रस्ताव नं. ९ माथि व्यापक छलफल गर्दा यस गाउँपालिका अन्तरगत रहेको कृषि तथा पशुपन्छी कार्यालयलाई बन्दाबन्दीको कारण कृषि क्षेत्रमा परेको असर न्यूनिकरण गर्न राहत प्याकेज तयार गरी अर्को बैठकमा पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

१०. **निर्णय नं. १०,** प्रस्ताव नं. १० माथि व्यापक छलफल गर्दा वडा कार्यालयबाट प्राप्त तपसिल बमोजिमका सिंचाई सम्बन्धी आयोजनाहरुलाई प्रदेश सरकार समक्ष पेश गर्ने निर्णय गरियो।

| क्र.स. | वडा नं. | आयोजनाको नाम | कैफियत |
|---|---|---|---|
| १ | १ | १. राईचा सिंचाई मर्मत योजना | |

| | | | |
|---|---|---|---|
| | | २. विरौटा सिंचाई योजना<br>३. माझिगाउँ लिफ्टिङ् सिंचाई योजना<br>४. होक्से लिफ्टिङ् सिंचाई योजना | |
| २ | २ | ५. पोकली दोभान, डुडेँखोला मुहान गरी नर्मदेश्वर, सिंहदेवी दाहालटार पाईप विस्तार सिंचाई योजना<br>६. लिखु लिफ्टिङ् २ नं. वडा सिंचाई योजना<br>७. फेदि कुलो मर्मत विस्तार गरी सिकर कटेरी, पिपल गैरा सिंचाई योजना<br>८. अग्राखे कुलो मर्मत गरी दाहालटार सिंचाई योजना | |
| ३ | ३ | ९. तल्लो सिम्ले सिंचाई कुलो योजना<br>१०.घट्कुलो सिंचाई कुलो योजना<br>११.जरुवा खोला सिंचाई कुलो मर्मत योजना<br>१२.बुडि कुलो सिंचाई मर्मत योजना<br>१३.भालुखोला सिंचाई कुलो मर्मत योजना | |
| ४ | ४ | १४.गंगटे मुहान भई चुवा डाँडा सम्मको सिंचाई कुलो मर्मत योजना<br>१५.जुके खोला डाँडागाँउ सिंचाई कुलो मर्मत योजना<br>१६.लिखु खोला महादेवटार मुहान हुँदै ओख्ले वडा नं. ३ सिमाना सम्म सिंचाई कुलो मर्मत योजना | |
| ५ | ५ | १७.महभिर खोला भालुडाँडा सिंचाई कुलो मर्मत योजना<br>१८.घुर्विसे, काफ्ले गाँउ क्रमागत सिंचाई कुलो निर्माण योजना<br>१९.महभिर कुटिडाँडा सिंचाई कुलो मर्मत योजना | |
| ६ | ६ | २०.डुडे खोला भालुखोप सिंचाई योजना<br>२१.डुडे खोला सिम्ले विरौटा सिंचाई योजना<br>२२.मेच्छे विर्तादोल सिंचाई योजना<br>२३.माटे लिखु सिंचाई योजना<br>२४.जुके खोला खाल्टे सिंचाई योजना | |
| ७ | ७ | २५.खहरे दोभान डुडेखोला सिंचाई योजना<br>२६.गैडे खोला पोखरी राम्चे सिंचाई मर्मत योजना | |
| ८ | ८ | २७.धारे खोला मझुवा सिंचाई योजना<br>२८.साकेला खोला चिनटार सिंचाई योजना<br>२९.डुडे खोला सम्मटार सिंचाई योजना | |

| | | | |
|---|---|---|---|
| | | ३०.पोकलि खोला च्युरिबोटे सिंचाई मर्मत योजना<br>३१.भालु खोला डाँडा खर्क सिंचाई मर्मत योजना<br>३२.डुडे खोला देविटार सिंचाई मर्मत योजना<br>३३.साकाले खोला पचासी सिंचाई मर्मत योजना | |
| ९ | ९ | ३४.सिरिसे सिंचाई निर्माण योजना<br>३५.विसाउना कुलो मर्मत योजना<br>३६.धर्म कुलो लेति मर्मत योजना<br>३७.गाउँ कुलो मर्मत योजना<br>३८.राज कुलो मर्मत योजना<br>३९.चुविया कुलो मर्मत योजना<br>४०.सेलेले वोलकति सिंचाई योजना | |

**११.निर्णय नं. ११,** प्रस्ताव नं. ११ माथि व्यापक छलफल गर्दा कार्यपालिकाको बैठक आवश्यकता अनुसार बस्ने सर्वसम्मतबाट निर्णय गरियो ।